# ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
# पोखरा म.न.पा.०८, न्युरोड कास्की
## बाह्रौं वार्षिक साधारण सभाको
## काम-कारवाहीको विवरण (माईन्युट)

कम्पनी ऐन २०६३ तथा ग्रीन डेभलपमेन्ट बैंक लि.को नियमावली बमोजिम बैंकको बाह्रौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष गणेश कुमार श्रेष्ठज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, समय तथा स्थानमा बसी देहायका विषयहरु उपर छलफल तथा निर्णयहरु गरी सुसम्पन्न भयो ।

१. **सभाको मिति, समय र स्थान :**

मिति : २०८१ साल चैत २७ गते, बुधबार (तदनुसार ०९ अप्रील, २०२५)

समय : बिहान ११:०० बजे ।

स्थान : होटल पिस प्यालेस, हरि शंकर रोड, बागलुङ नगरपालिका-०२ ।

२. **सभाको सूचना जारी :**

२.१. यस डेभलपमेन्ट बैंकको सञ्चालक समितिको मिति २०८१/१२/०५ गते अपरान्ह ४.०० बजे बसेको २२६ औं बैठकको निर्णय बमोजिम बैंकको बाह्रौं वार्षिक साधारण सभा कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) तथा यस डेभलपमेन्ट बैंकको नियमावली अनुसार मिति २०८१ साल चैत ०६ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक र मिति २०८१ साल चैत ११ गते आदर्श समाज राष्ट्रिय दैनिक पत्रिकामा गरी दुई (२) पटक सूचना प्रकाशित गरिएको थियो । उक्त सूचना सहितको बैंकको वार्षिक प्रतिवेदन तथा छलफल गरिने विषयहरु बैंकको वेभसाइट **www.greenbank.com.np** मा अपलोड गरिएको थियो । साथै, बैंकको वार्षिक आर्थिक प्रतिवेदन सम्भव भए सम्म शेयरधनी महानुभावहरुको व्यक्तिगत ठेगानामा समेत पठाईएको थियो ।

२.२ कम्पनी ऐन २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ बमोजिम तयार गरीएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनु भन्दा २१ (एक्काईस) दिन अगावै तयार गरी केन्द्रीय कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको थियो ।

Green Development Bank Limited Central Office

३. **सभामा प्रस्तुत छलफलका विषयहरु :**

(क) <u>सामान्य प्रस्ताव</u>

१) आ.व. २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा आ.व २०८०/८१ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण तथा अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।

३) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०८०/८१ को मुनाफा तथा संचित मुनाफा रकम समेतबाट यस डेभपलपमेन्ट बैंकको हाल कायम चुक्तापूँजी रु.५३,८७,२२,०००।- (अक्षरेपी त्रिपन्न करोड सतासी लाख बाइस हजार रुपैयाँ मात्र) को ०.३०२७ प्रतिशतले हुन आउने रु.१६,३०,७११.०० (अक्षरेपी सोह्र लाख तीस हजार सात सय एघार रुपैयाँ मात्र) लाभांशमा लाग्ने कर प्रयोजनार्थ वितरण गर्ने प्रस्ताव उपर छलफल गरि स्वीकृत गर्ने ।

४) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८१/८२ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

५) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकज्यूहरुको निर्वाचन गर्ने ।

६) सञ्चालकहरुको मासिक पत्रपत्रिका तथा टेलिफोन सुविधा रकम वृद्धि सम्बन्धमा ।

(ख) <u>विशेष प्रस्ताव</u>

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम रु.५३,८७,२२,०००।- (अक्षरेपी त्रिपन्न करोड सतासी लाख बाइस हजार रुपैयाँ मात्र) को ५.७५ प्रतिशतले हुन आउने रकम रु.३,०९,७६,५००।०० (अक्षरेपी तीन करोड नौ लाख छयहत्तर हजार पाँच सय रुपैयाँ मात्र) बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने र सोहि बमोजिम अधिकृत, जारी तथा चुक्ता पुँजी वृद्धि गरी सम्बन्धित दफा संशोधन गर्ने ।

२) यस ग्रीन डेभलपमेन्ट बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति (Merger/Acquisition) को लागि उपयुक्त संस्थाको पहिचान गर्ने, उपयुक्त देखिएमा सो सम्बन्धी सम्झौतापत्र (MOU) मा हस्ताक्षर गरी अन्य आवश्यक सम्पूर्ण कार्यहरु गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनस शेयर वितरण पश्चात रु.५६,९६,९८,५००।- (अक्षरेपी छपन्न करोड छयानब्बे लाख अन्ठानब्बे हजार पाँच सय रुपैयाँ मात्र) को १:१.१०७१ ले हुन आउने रकम रु.६३०,७१३,२००।०० (अक्षरेपी त्रिसट्ठी करोड सात लाख तेह्र हजार दुई सय रुपैयाँ मात्र) हकप्रद शेयर जारी गर्ने ।

४) बोनस तथा हकप्रद शेयर निष्कासन एवं सञ्चालकहरुको मासिक पत्रपत्रिका तथा टेलिफोन सुविधा रकम वृद्धि पश्चात् डेभलपमेन्ट बैंकको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गरी अभिलेख गराउँदा आवश्यक थपघट, संशोधन वा परिमार्जन गर्नु परेमा सो सम्बन्धी सम्पुर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

Green Development Bank Limited

(ग) विविध ।

४. सभामा उपस्थिति :

४.१. सञ्चालकहरुको उपस्थिति :

| | | |
|---|---|---|
| श्री गणेश कुमार श्रेष्ठ | अध्यक्ष | उपस्थित |
| श्री कृष्ण शंकर श्रेष्ठ | सञ्चालक | उपस्थित |
| श्री मनोविज्ञान श्रेष्ठ | सञ्चालक | उपस्थित |
| श्री सुर्य प्रसाद लम्साल | सञ्चालक | उपस्थित |
| श्री प्रज्वल श्रेष्ठ | सञ्चालक | अनुपस्थित |
| श्रीमती नारायणी देवी श्रेष्ठ | सञ्चालक | उपस्थित |

४.२. व्यवस्थापन पदाधिकारीहरुको उपस्थिति :

| | |
|---|---|
| श्री हरि बहादुर बुढाथोकी | प्रमुख कार्यकारी अधिकृत |
| श्री दुर्गा प्रसाद श्रेष्ठ | सहायक महाप्रबन्धक |
| श्री रमेश बञ्जारा | वरिष्ठ प्रबन्धक |
| श्री हरि अधिकारी | नायव प्रबन्धक |
| श्री अनुप के.सी. | नायव प्रबन्धक |
| श्री लाल बहादुर क्षेत्री | सहायक प्रबन्धक |
| श्री सूर्य बहादुर जि.सी. | कर्जा प्रशासन प्रमुख |
| श्री सुन्दर पौडेल | ए.एम.एल ईकाई प्रमुख |

४.३. अन्य उपस्थिति :

| | |
|---|---|
| अधिवक्ता शालिग्राम भट्टराई | निर्वाचन अधिकृत |
| श्री विश्व प्रकाश बराल | प्रतिनिधि मुक्तिनाथ क्यापिटल लि. |

४.४. शेयरधनीहरुको उपस्थिति :

| उपस्थितिको विवरण | जम्मा उपस्थिति | शेयरको प्रतिनिधित्व |
|---|---|---|
| व्यक्तिगत रुपमा उपस्थित | ५२ | ६,९६,७१९ |
| प्रतिनिधि मार्फत | ४ | २३,७७,५५३ |
| जम्मा | ५६ | ३०,७४,२७२ |

५. गणपुरक संख्या :

| बाँडफाँड भएको कूल शेयर संख्या | स्वयं उपस्थित भई प्रतिनिधित्व भएको शेयर( क) | प्रतिनिधि पत्र ( प्रोक्सी) मार्फत प्रतिनिधित्व भएको शेयर (ख) | उपस्थित जम्मा शेयर (क+ख) | शेयरको कूल उपस्थित प्रतिशत |
|---|---|---|---|---|
| ५३,८७,२२० | ६,९६,७१९ | २३,७७,५५३ | ३०,७४,२७२ | ५७.०६% |

६. **सभाको बैधानिकता :**

सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ उपदफा (२) तथा बैंकको नियमावली बमोजिम बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनी मध्ये कम्तीमा तीन (३) जना शेयरधनीहरु स्वयं उपस्थित हुनु पर्ने प्रावधान बमोजिम बाह्रौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयर धनी संख्या ५६ रहेको र कुल शेयरको ५७.०६ प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको सभालाई जानकारी गराउनु भयो ।

७. **सभाको अध्यक्षता :**

कम्पनी सचिवले शेयरधनी महानुभावहरु सबैलाई स्वागत अभिवादन गर्दै आसन ग्रहणका लागि अनुरोध गर्नुभयो र तत्पश्चात सञ्चालकहरुको परिचय गराउदैं आसन ग्रहण गर्न अनुरोध गरी सभाको कार्य अगाडी बढाउनुभयो । बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षले गर्ने जानकारी गराउदैं बैंकको बाह्रौं वार्षिक साधारण सभालाई औपचारिक रुपमा सुरु गर्नका लागि मञ्चको अगाडि रहेको पानसमा वत्ती बालेर सभा शुभारम्भ गर्नका लागि अध्यक्ष गणेश कुमार श्रेष्ठलाई कम्पनी सचिवले अनुरोध गर्नुभयो ।

८. **स्वागत मन्तव्य :**

अध्यक्षज्यूबाट औपचारिक रुपमा सभाको शुभारम्भ भए पश्चात बाह्रौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका शेयरधनी महानुभावहरु एवं उपस्थित अन्य अतिथिहरुलाई सञ्चालक श्री कृष्ण शंकर श्रेष्ठज्युले बैंकको तर्फबाट स्वागत गर्दै आफ्नो संक्षिप्त मन्तव्य व्यक्त गर्नुभयो ।

९. **बाह्रौं वार्षिक प्रतिवेदनको प्रस्तुति**

सभामा अध्यक्षज्युले उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै पूर्वनिर्धारित छलफलको विषयसूची अनुसार आ.व. २०८०/८१ को सञ्चालक समितिको तर्फबाट सभामा पेश हुने वार्षिक प्रतिवेदन सभामा पढेर सुनाउनुभयो । बैंकले आर्थिक बर्ष २०८०/८१ मा व्यवसाय विस्तारमा उत्साहजनक उपलब्धिहरु हासिल गर्न सफल भएको जानकारी गराउनुभयो । प्रतिकुल परिस्थितिका वाबजुत पनि बैंकले निक्षेप संकलनमा २७.३५ प्रतिशतले वृद्धि गरी रु.४ अर्व ९७ करोड १७ लाख र कर्जा लगानी तर्फ १९.६८ प्रतिशतले वृद्धि गरी रु.३ अर्व ९४ करोड ५८ लाख पुर्‍याउन सफल भएको र आर्थिक वर्ष २०८०/०८१ मा बैंकले रु.४ करोड ७ लाख ४१ हजार खुद मुनाफा गरेको अवगत गराउनुभयो । बैंकलाई दिगो, भरपर्दो र कम जोखिम हुने तवरले सञ्चालन गरी प्रतिफलको स्तरमा सुधार गर्दै लैजानु पर्ने आवश्यकता महसुस गर्नुभयो । बैंकले उच्च क्षमता भएका कर्मचारी भर्ना गर्ने र भएका कर्मचारीको मनोवल उच्च राखि उत्पादकत्व बढाउने, सम्भाव्य क्षेत्रहरुमा शाखा संजाल वृद्धि गर्दै व्यवसाय विस्तारको आधार तयार गर्दै लैजाने, ग्राहकहरुको सन्तुष्टिलाई प्राथमिकतामा राखि काम गर्ने संस्कार र कार्यप्रणालिको विकास गर्दै लैजाने, प्रविधिमा भएको विकासले बैंकिङ्ग व्यवसाय लगायत ग्राहकहरुको जीवन शैलीमा ठूलो बदलाव आईरहेको परिप्रेक्ष्यमा बैंकले प्रविधिको प्रयोगमा जोड दिदैं आफ्ना वस्तु र सेवा प्रदान गरिने, नेपालको बैंकिङ्ग क्षेत्रमा हुने परिवर्तनहरुको कारण सिर्जना हुने अवसरको सदुपयोग र चुनौतिको सामना गर्न उच्च स्तरको सजगता अपनाईने प्रतिवद्धता व्यक्त गर्नुभयो । अध्यक्षज्युले उपस्थित सम्पूर्ण शेयरधनीहरुलाई पूर्वनिर्धारित छलफलका विषयसूची अनुसारका साधारण तथा विशेष प्रस्तावहरु छलफल गरी निर्णयार्थ सभा समक्ष पेश गर्नु भयो ।

Green Development Bank Limited Central Office

१०. **छलफलको लागी आव्हान :**

आ.व. २०८०/८१ को सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन, २०८१ आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरण सँग सम्वन्धित अनुसूचीहरु सहितको लेखापरीक्षण प्रतिवेदन सभामा छलफलका लागि प्रस्तुत गर्नुभई सो लगायत सभामा पेश गरिएका सामान्य तथा विशेष प्रस्तावहरु उपर छलफल गर्न र यसका विविध पक्षका बारेमा विचार, मन्तव्य, प्रतिक्रिया एवं जिज्ञासाहरु मौखिक/लिखित रुपमा व्यक्त गर्नको लागी अध्यक्षज्यूले शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नुभयो ।

११. **छलफलमा सहभागी भई सुझाव दिनुहुने शेयरधनी महानुभावहरुको नाम :**

१) दिपेन्द्र श्रेष्ठ
२) शान्ता कुमारी रावल
३) ओम गिरी
४) महेन्द्र प्रसाद कडेंल

१२. **छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको राय सुझाव तथा प्रतिक्रियाहरु :**

- बैंकको पुँजी योजनाको विषयमा जिज्ञासा राख्नु भयो ।
- नेपाल राष्ट्र बैंकले लाभांश वितरण तथा वार्षिक वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दाको बखत औंल्याएका सुझाव/निर्देशन अनुसार कर्जा प्रवाह पश्चात अनिवार्य कर्जा सदुपयोगिताको सुनिश्चितता गर्नु हुन, कर्जा स्वीकृत /नवीकरण गर्दा ऋणीको नियमित आयस्रोत, नगद प्रवाहको विश्लेषण गर्नुहुन, ग्राहक पहिचान संयन्त्रको विकास गर्न र आन्तरीक एंव बाह्य लेखापरीक्षकले औंल्याएका कैफियतहरु पुनः नदोहरिने व्यवस्था गर्नुहुन जस्ता विषयमा सञ्चालक समिति, बैंक व्यवस्थापन लागी पर्न सुझाव दिनुभयो ।
- संस्थापक शेयर विक्री नामसारी कार्य सहज बनाउन सुझाव दिनुभयो ।
- जोखिम व्यवस्थापनमा विशेष ध्यान पुऱ्याउन तथा कर्जा असुली कार्यलाई प्रभावकारी बनाई शेयरधनीहरुलाई बढी प्रतिफल दिन सुझाव दिनुभयो ।
- लेखापरीक्षक नियुक्त गर्दा शुल्क लाई मात्र आधार नमानी लेखापरीक्षकको कार्य अनुभव, समय दिन सक्ने, गल्ती कमजोरीहरु औंल्याउन सक्ने क्षमताको आधारमा सिफारिस गर्न सुझाव दिनुभयो ।
- बैंकको स्तरउन्नति सम्बन्धी योजना के कस्तो रहेको छ ? जानकारी गराउन आग्रह गर्नुभयो ।

१३. **शेयरधनी महानुभावहरुले प्रकट गर्नुभएको राय सुझाव तथा प्रतिक्रियाहरु उपर अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतको प्रत्युत्तर :**

सभामा अध्यक्ष गणेश कुमार श्रेष्ठज्यूले शेयरधनी महानुभावहरुले बैंकप्रति दर्शाउनुभएको सद्भाव र साधारण सभामा उत्साहपूर्वक सहभागी भएर विभिन्न सुझाव एवं मार्गदर्शन प्रदान गर्नु भएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । नेपाल राष्ट्र बैंकबाट विभिन्न समयमा भएका स्थलगत तथा गैर स्थलगत निरीक्षण द्वारा प्रादेशिक स्तरको विकास बैंक हुन आवश्यक कार्यान्वयन योग्य पुँजी योजना पेश गर्न निर्देशन दिएको अवगत गर्दै व्यवसायको वृद्धि सँगै पुँजीको प्रयाप्तता र नियमनकारी निकायको निर्देशनलाई मध्यनजर गरी हकप्रद शेयर जारी गर्ने प्रस्ताव साधारण सभामा पेश गरिएको जानकारी दिनुभयो । बिगतका वर्षहरुमा समग्र अर्थतन्त्रमा देखिएको मन्दिका कारण व्यापार व्यवसायमा आएको संकुचनले गर्दा ग्राहकहरुको ऋण चुक्ता गर्नसक्ने क्षमतामा ह्रास आउनाले कर्जा असुली कार्यलाई प्रभावित पारेको र कर्जा असुली कार्यलाई प्रभावकारी एवं योजनाबद्ध रुपमा सम्पादन गर्न व्यवस्थापनलाई निर्देशन दिईएको व्यहोरा सभालाइ अवगत गराउनुभयो ।

Green Development Bank Limited Central Office

बैंकका प्रमुख कार्यकारी अधिकृत हरि बहादुर बुढाथोकीले नियमनकारी निकाय नेपाल राष्ट्र बैंक, आन्तरीक लेखापरीक्षक, बाह्य लेखापरीक्षकले औंल्याएका कैफियतहरु दोहरिन नदिने प्रतिवद्धता व्यक्त गर्नुभयो । आगामी दिनहरुमा संस्थापक शेयर विक्री नामसारी लगायत विषयमा सहजिकरण गर्न आवश्यक प्रतिबद्ध कर्मचारी व्यवस्थापनलाई गरिने र कर्जा प्रवाह/नवीकरण गर्दा ग्राहकको आम्दानी, नगद प्रवाह, कर्जा तिर्न सक्ने क्षमताको विश्लेषण गरिनुका साथै बैंकमा निहित सञ्चालन जोखिम, कर्जा जोखिम लगायत सबै प्रकारका जोखिम बाट हुन सक्ने सम्भावित नोक्सानीलाई न्युनिकरण गर्न बैंक व्यवस्थापन लागी परेको जानकारी गराउनुभयो ।

१४. **सभाको निर्णयहरु :**

क. **सामान्य प्रस्ताव उपर निर्णय :**

१) आ.व. २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन अध्यक्षबाट स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाले सर्वसम्मतले प्रतिवेदन पारित गऱ्यो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा आ.व २०८०/८१ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु सभाले सर्वसम्मतले प्रतिवेदन पारित गऱ्यो ।

३) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०८०/८१ को मुनाफा तथा संचित मुनाफा रकम समेतवाट यस डेभपलपमेन्ट वैंकको हाल कायम चुक्तापूँजी रु.५३,८७,२२,०००।- (अक्षरेपी त्रिपन्न करोड सतासी लाख बाइस हजार रुपैयाँ मात्र) को ०.३०२७ प्रतिशतले हुन आउने रु.१६,३०,७११.०० (अक्षरेपी सोह्र लाख तीस हजार सात सय एघार रुपैयाँ मात्र) लाभांशमा लाग्ने कर प्रयोजनार्थ वितरण गर्ने प्रस्ताव सभाले सर्वसम्मतबाट स्वीकृत भयो ।

४) कम्पनी ऐन,२०६३ को दफा १११ अनुसार यस डेभलपमेन्ट बैंकको आर्थिक बर्ष २०८१/८२ को लागी लेखापरीक्षण गर्न बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम मिति २०८१/१२/०५ गते बसेको सञ्चालक समितिको २२६ औं बैठकद्वारा तपशिलमा उल्लेखित देहाय बमोजिम लेखापरीक्षण समितिका संयोजक श्री सूर्य प्रसाद लम्सालज्यूले ३ (तीन) वटा लेखापरीक्षण फर्महरु मध्य उपयुक्त १(एक) लेखापरीक्षण फर्म छनौट गर्न साधारण सभामा सिफारिस गर्नुभयो ।

तपशिल

| क्र.स. | फर्मको विवरण | प्रस्तावित लेखापरीक्षण शुल्क (मु.अ.क बाहेक) | अन्य खर्च |
|---|---|---|---|
| १. | किरण भण्डारी एण्ड एशोसिएट्स | रु.४००,०००।०० | यातायात खर्च वील बमोजिम, पार्टनर-प्रतिव्यक्ति प्रति दिन रु ३,५००।०० (अक्षरुपी तीन हजार पाँच सय मात्र) अन्य-प्रतिव्यक्ति प्रति दिन रु २,५००।०० (अक्षरुपी दुई हजार पाँच सय मात्र) |
| २. | सुजन काफ्ले एण्ड एशोसिएट्स | रु.३२५,०००।०० | यातायात खर्च वील बमोजिम, पार्टनर-प्रतिव्यक्ति प्रति दिन रु ३,०००।०० (अक्षरुपी तीन हजार मात्र) |

| | | | |
|---|---|---|---|
| | | | अन्य-प्रतिव्यक्ति प्रति दिन रु २,०००।०० (अक्षरुपी दुई हजार मात्र) |
| ३. | पि.आर.के. एशोसिएट्स | रु.५००,०००।०० | यातायात खर्च वील बमोजिम, पार्टनर-प्रतिव्यक्ति प्रति दिन रु ४,०००।०० (अक्षरुपी चार हजार मात्र) अन्य-प्रतिव्यक्ति प्रति दिन रु ३,५००।०० (अक्षरुपी तीन हजार पाँच सय मात्र) |

उपरोक्त प्रस्तावहरु मध्ये लेखापरीक्षकको कार्य अनुभव, प्रस्तावित मुल्य र मानव संशाधनको उपलब्धताको आधारमा सुजन काफ्ले एण्ड एशोसिएट्स, चार्टड एकाउन्टेन्ट्सलाई आ.व. २०८१/८२ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने सर्वसम्मतले निर्णय गऱ्यो ।

५) बैंकको नियमावली बमोजिम सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकज्युहरु निर्वाचनको लागि बैंकका कानुनी सल्लाहकार अधिवक्ता श्री शालिग्राम भट्टराई लाई निर्वाचन अधिकृत नियुक्त गरी निर्वाचन कार्यक्रम सार्वजनिक गरिएकोमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ जना उम्मेदवारको दरखास्त पर्न आएको हुनाले तपशिलमा उल्लेखित दरखास्तावाला शेयरधनीहरु यस डेभलपमेन्ट बैंक लिमिटेडको सञ्चालक पदमा ४ वर्षको अवधिको लागि निर्विरोध निर्वाचित हुनु भएको निर्वाचन अधिकृतले घोषणा गर्नु भयो ।

तपशिल :

| क्र.सं | नामथर | ठेगाना |
|---|---|---|
| १. | श्री सूर्य प्रसाद लम्साल | हरिनास गा.पा.३, स्याङ्जा |
| २. | भुसाल प्लाई एण्ड व्याम्वो ईण्डष्ट्रिज प्रा.लि का प्रतिनिधी श्री आशिष गौतम | ठाडा ०१, अर्घाखाँची |

निर्वाचन अधिकृत अधिवक्ता श्री शालिग्राम भट्टराईले निर्वाचन परिणामलाई अनुमोदन गरिदिन सभा समक्ष आग्रह गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतले अनुमोदन गऱ्यो ।

नवनिर्वाचित सञ्चालकहरुलाई बैंकका अध्यक्ष श्री गणेश कुमार श्रेष्ठ, प्रमुख कार्यकारी अधिकृत हरि बहादुर बुढाथोकी र निर्वाचन अधिकृत अधिवक्ता श्री शालिग्राम भट्टराईले अविर, माला लगाएर शुभकामना प्रदान गर्नुभयो । साथै निर्वाचन अधिकृत अधिवक्ता श्री शालिग्राम भट्टराईले नवनिर्वाचित सञ्चालकहरुलाई प्रमाणपत्र प्रदान गर्नुभयो ।

६) सञ्चालकहरुको मासिक पत्रपत्रिका तथा टेलिफोन सुविधा रकम वृद्धि सम्वन्धमा छलफल गर्दा सञ्चालक समितिका सदस्यहरुलाई समय सापेक्ष हाल प्रदान गर्दै आएको रु.१,५००/- न्युन रहेकोले वृद्धि गरी प्रति महिना प्रति सदस्य रु.५,०००/- प्रदान गर्ने प्रस्ताव सभाबाट पारित भयो ।

ख. **विशेष प्रस्ताव उपर निर्णय :**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम रु.५३,८७,२२,०००।- (अक्षरेपी त्रिपन्न करोड सतासी लाख वाइस हजार रुपैयाँ मात्र) को ५.७५ प्रतिशतले हुन आउने रकम रु.३,०९,७६,५००।०० (अक्षरेपी तीन करोड नौ लाख छयहत्तर हजार पाँच सय रुपैयाँ मात्र) बोनस शेयर वितरण गर्न स्वीकृत गऱ्यो र सोही



Green Development Bank Limited Central Office

बमोजिम डेभलपमेन्ट बैंकको प्रबन्धपत्रमा बैंकको अधिकृत, जारी तथा चुक्ता पुँजी वृद्धि गर्न आवश्यक संशोधन प्रस्ताव सभाबाट सर्बसम्मतबाट पारित भयो ।

२) यस ग्रीन डेभलपमेन्ट बैंक लि र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति (Merger/Acquisition) को लागि उपयुक्त संस्थाको पहिचान गर्ने, उपयुक्त देखिएमा सो सम्वन्धी सम्झौतापत्र (MOU) मा हस्ताक्षर गरी अन्य आवश्यक सम्पूर्ण कार्यहरु गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतबाट पारित भयो ।

३) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनस शेयर वितरण पश्चात रु.५६,९६,९८,५००।- (अक्षरेपी छपन्न करोड छयानब्बे लाख अन्ठानब्बे हजार पाँच सय रुपैयाँ मात्र) को १:१.१०७१ अनुपातले हुन आउने रकम रु.६३०,७१३,२००।०० (अक्षरेपी त्रिसट्ठी करोड सात लाख तेह्र हजार दुई सय रुपैयाँ मात्र) नेपाल राष्ट्र बैंकको निर्देशन तथा व्यवसायको वृद्धि सँगै पुँजीको प्रयाप्ततालाई समेत मध्य नजर गरी प्रदेश स्तरको विकास बैंक हुनको लागि आवश्यक न्यूनतम चुक्ता पुँजी रु.१२० करोड (अक्षरेपी एक अर्ब वीस करोड) पुरा गर्नका लागि नेपाल राष्ट्र बैंक लगायत नियमनकारी निकायबाट आवश्यक स्वीकृति प्राप्त गरे पश्चात् हकप्रद शेयर जारी गर्न सञ्चालक समितिलाई सम्पुर्ण अख्तियारी प्रदान गर्ने निर्णय साधारण सभाले सर्वसम्मतबाट पारित भयो ।

४) सञ्चालक समितिले सभामा प्रस्ताव गरे बमोजिमको बोनस तथा हकप्रद शेयर निष्कासन र सञ्चालकहरुको मासिक पत्रपत्रिका तथा टेलिफोन सुविधा रकम वृद्धि पश्चात् डेभलपमेन्ट बैंकको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गरी अभिलेख गराउँदा आवश्यक थपघट, संशोधन वा परिमार्जन गर्नु परेमा सो सम्बन्धी सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतले पारित गऱ्यो ।

ग. **विविध** : विविध अन्तर्गत अन्य कुनै प्रस्ताव नरहेको ।

## १५. धन्यवाद ज्ञापन तथा बिसर्जन :

बैंकका अध्यक्ष गणेश कुमार श्रेष्ठले बैंकको बाह्रौं वार्षिक साधारण सभामा उपस्थित भई आफ्नो अमुल्य समय प्रदान गरी यस गरिमामय सभालाई सफल बनाईदिनु भएकोमा उपस्थिति सम्पुर्ण शेयरधनी महानुभावहरु, अतिथिज्यूहरु, पत्रकार मित्रहरु लगायत सम्पुर्ण कर्मचारी वर्गमा हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो । आगामी दिनहरुमा बैंकलाई थप सबल र सुदृढ बनाउन आवश्यक सहयोग, सल्लाह तथा सुझावहरुको अपेक्षा गर्दै, सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरिदिनुहुन समेत सम्पुर्ण शेयरधनी महानुभावहरु, कर्मचारी परिवार, नियमनकारी निकायहरु, प्रत्रकार मित्रहरुलाई अनुरोध गर्दै बैंकको बाह्रौं वार्षिक साधारणसभा समापन भएको घोषणा गर्नुभयो ।

| | | |
|---|---|---|
| हरि बहादुर बुढाथोकी<br>(कम्पनी सचिव) | Green Development Bank Limited<br>Central Office | गणेश कुमार श्रेष्ठ<br>(अध्यक्ष) |